United Nations
Educational, Scientific and
Cultural Organization

Nepal National
Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४७ अङ्क १ श्रावण – कार्तिक, २०७६

Year - 47 Edition-1, July - November 2019



युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरवार, काठमाडौं

## विषयवस्तुहरु


- कार्यशाला:
  - Global Citizenship Education
  - दिगो विकासका लागि शिक्षा
- युनेस्कोको 40औं महासभा
- विषय समितिका बैठक तथा कार्यक्रमहरु
- बालचित्र डायरी प्रतियोगिता


## सम्पादकीय

युनेस्कोका आदर्शहरूको प्रचार प्रसार, दिगो विकासको लागि शिक्षाका लक्ष्य प्राप्तीका लागि समन्वय र सहकार्य गर्ने, युनस्को पेरिसको सहयोगमा सञ्चालनमा रहेका परियोजनाहरू सञ्चालन, व्यवस्थापनमा आवश्यक समन्वय गर्ने र सञ्चालनमा रहेका परियोजनाले परियोजना प्रस्तावमा उल्लेख भएका लक्ष्य र उद्देश्यहरू हासिल गरे नगरेको सम्बन्धमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्नु प्रमुख कार्यहरू अन्तर्गत पर्ने भएकाले जानकारीका लागि यो अंक प्रकाशनमा ल्याएका छौ । यस अंकका सामाग्रीहरूले कार्यक्रममा समावेश भएका र नभएका व्यक्तिहरू संघ सस्थाहरूलाई विषयको गहिराइमा पुग्न सहयोग पुर्‍याउनेका साथै यसबाट विशेष गरी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले दिगो विकासका लागि शिक्षा लक्ष्य नं ४ को गुणस्तरीय शिक्षा प्राप्तीका लागि गरिनु पर्ने कार्यक्रमहरूको बारेमा स्थानीय जनप्रतिनिधि, पत्रकार, शिक्षक र स्थानीय बुद्धिजीवीहरू बीच छलफल र अर्न्तक्रियबाट प्राप्त उपलब्धिहरूको बारेमा जानकारी प्राप्त हुने विश्वास लिइएको छ ।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# Global Citizenship Education

**महोत्तरी,**

## कार्यक्रमको उद्देश्य

- युनेस्को आयोग र सचिवालयका गतिविधिहरूको बारेमा जानकारी गराउनु ।
- युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जालको बारेमा जानकारी गराउनु । ASP Net Scools in Nepal
- दिगो विकासका लक्ष्यहरूको बारेमा जानकारी गराई मूलत दिगो विकासको लक्ष्य नं. ४ का सम्बन्धमा छलफल र अन्तर्कृया गर्नु । ४.७ विशेष गरी विश्व नागरिक शिक्षा सांस्कृतिक विविधता, शैक्षिक नीति तर्जुमा आदीको बारेमा छलफल गर्नु ।
- विश्व नागरिक शिक्षाको बारेमा जानकारी गराउनुका साथै छलफल र अन्तर्कृया गरी स्थानीय तहमा गर्न सकिने कृयाकलापको बारेमा छलफल गर्नु ।
- जलवायु परिवर्तनका असर र न्युनीकरणका लागि विश्व नागरिकको हैसियतले स्थानीय स्तरमा गर्नु पर्ने कार्यहरूको बारेमा छलफल गर्नु ।
- विद्यालय र स्थानीय सरकारले विश्व नागरिक शिक्षाका लागि अपनाउन सक्ने रणनीतिका बारेमा छलफल गर्नु ।
- विश्व नागरिक शिक्षा प्रवर्द्धन गर्ने सरोकारवालाहरूबाट कार्ययोजना निर्माण गरी आगामी दिनमा अझ थप सकृय रुपमा कार्यान्वनयमा लाग्ने वातावरणको सृजना हुनु ।

युनेस्को सहभागितामूलक कार्यक्रमअन्तर्गत २०७६ साल श्रावण १९ र २० गते होटल गौतम, वर्दीवास महोत्तरीमा “Promoting Global Citizenship Education through Strengthening Schools विषयक कार्यक्रम सञ्चालन गरिएको थियो ।

विश्व नागरिक शिक्षाले जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानवअधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिय युवावर्ग तयार पार्ने र युनेस्कोका उद्देश्य, आदर्श तथा अवधारणाहरूलाई स्थानीय तहसम्म पुऱ्याउनेका साथै अन्तर्राष्ट्रिय रूपमा नेपालले गरेको प्रतिबद्धता बमोजिम दिगो विकासको लक्ष्य नं. ४ को ४.७ का सूचकहरूसँग सम्बन्धित भूमण्डलीय नागरिक शिक्षाका सन्दर्भमा प्रत्येक व्यक्तिले हरेक ढंगबाट आफूलाई सुव्यवस्थित बनाई असल र सभ्य नागरिकको रुपमा रुपान्तरण गर्ने कार्यलाई समग्रमा विश्व नागरिक शिक्षाको नामले चिनिन्छ ।

भुमण्डलीय नागरिक शिक्षा, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानवअधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाउने उद्देश्यले युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले २०७६ श्रावण १९ र २०

## निष्कर्ष:

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको बार्षिक कार्यक्रम अन्तर्गत दिगो विकासका लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षा प्राप्तीका लागि तीनै तहका सरकार बीच शैक्षिक बहस गर्ने, उपलब्धि प्राप्तिका लागि निश्चित कार्ययोजना तर्जुमा गर्न लगाउने र सो बमोजिमका कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि सामुहिक रुपमा प्रतिबद्धता जनाउन लगाउँने, युनेस्कोका आदर्शहरू शान्ति मैत्री तथा आपसी सद्भाव, सहनशीलता, मानवअधिकारप्रतिको सम्मान, सहकार्य सामूहिक प्रयास, सामाजिक न्याय तथा उपलव्धिको न्यायोचित वितरण, रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगतितथा समृद्धिको प्रवर्द्धन र संस्थागतविकास जस्ता विभिन्न पक्षहरूका बारेमा सरोकारवालाहरू बीच जानकारी गराई युनेस्कोका गतिविधिहरूको बारेमा प्रचार प्रसार गरी पहिलो चौमासिकमा कार्यक्रम सञ्चालन गरिएको छ ।

अतः आ.ब.२०७६।०७७ को पहिलो चौमासिकमा सञ्चालन भएका कार्यक्रमहरू युनेस्कोका गतिविधिहरूको बारेमा जानकारी गराउने, स्थानीय सरकारका जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय पत्रकार, बुद्धिजिवीहरू र विद्यालयहरूका प्रधानाध्यापक, शिक्षकहरूलाई दिगो विकासका लक्ष्य नं. ४ रहेको गुणस्तर शिक्षा प्राप्तीका लागि खेल्नु पर्ने भूमिका र प्रतिबद्धता का बारेमा जानकारी गराउनुका साथै भूमण्डलीय नागरिक शिक्षा, जलवायु परिवर्तन असर न्यूनीकरण सम्बन्धीगोष्ठी सञ्चालन गर्नु, गोष्ठीबाट आवश्यक पृष्ठपोषण प्राप्त गर्नुका साथै दिगो विकासका लागि शिक्षाका लक्ष्यहरूको बारेमा नेपालको अवस्था के छ ? स्थानीय सरकारको स्थिति के कस्तो छ ? कसरी राष्ट्रिय लक्ष्यमा पुग्न सकिने भन्ने सम्बन्धमा विद्यमान शैक्षिक नीतिका आधारमा सरोकारवालाहरू बीच छलफल एवम् अर्न्तकृयात्मक गोष्ठीको माध्यमबाट प्राप्त सिकाइहरूलाई कार्यक्रमको उपलब्धिको रुपमा लिइएको छ ।

गते, बर्दीवासको महोत्तरीमा "Promoting Global Citizenship Education through Strengthening Schools" विषयमा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको "Promoting Global Citizenship Education through Strengthening Schools" कार्यशाला गोष्ठीमा प्रदेश २ का शिक्षाविकास तथा समन्वय इकाइका प्रमुख/पदाधिकारी, स्थानीयतहका सामाजिक समितिका संयोजक, शिक्षा हेर्ने जनप्रतिधि, मदर्सा विद्यालयका प्रधानाध्यापक/शिक्षक, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधिको सहभागिता रहेको कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ महोत्तरीले गरेको थियो

कार्यक्रमको औचित्य एवं उद्देश्य माथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले प्रकास पार्नु भएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ महोत्तरीका प्रमुख श्री शत्रुध्न यादवले सहभागीहरूको स्वागत गर्नु भएको थियो। स्थानीय सरकारका जनप्रतिनिधिहरूले कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तरगत रहेको शिक्षा समितिका सदस्य श्री केदार बहादुर कोइरालाले उद्घाटन सत्रको अध्यक्षता गर्नु भएको थियो ।

कार्यक्रममा सहायक महासचिव डा. बाबुराम अधिकारीले भूमण्डलीय नागरिक शिक्षालाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा हरियाली, सरसफाई, सुरक्षाएवम् शान्तिका क्षेत्रमा के कसरी लागु गर्ने सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नु भएको थियो। भूमण्डलीय नागरिक शिक्षालाई विद्यालयतहका साथै स्थानीयतहलाई कसरी जोड्न सकिन्छ भन्ने वारेमा चर्चा परिचर्चा गर्नु भएको थियो ।

कार्यक्रममा दिगो विकासलाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा ग्रिन, क्लिन, सेफ र पिसका क्षेत्रमा के कसरी लागु गर्ने सकिन्छ भन्ने सन्दर्भमा छलफल गरिएको थियो। दिगो विकासका लक्ष्यहरूको वारेमा सहभागीलाई जानकारीमूलक प्रस्तुती गर्नुका साथै जसमा दिगो विकासका लक्ष्यका विश्वव्यापी १७ वटा लक्ष्यको वारेमा चर्चा गरिएको थियो। त्यसै गरी शिक्षासंग सम्वन्धित लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षाको वारेमा विस्तृत रुपमा प्रस्तुतीकरण र छलफल गरिएको थियो ।

डा. बाबुराम अधिकारीबाट सहभागीहरूलाई समूहकार्यबाट विश्व नागरिकले दिगो विकासका लागि खेल्नु पर्ने भूमिका /असर चुनौतीहरू र समाधानका उपाय/विकल्पहरू केन्द्रित गराइएको थियो। यसैगरी जलवायु परिवर्तन, जैविक विविधता, प्रकोप न्युनीकरण र दिगो उपयोगका सम्बन्धमा समूहगत रुपमा छलफल गरिएको थियो ।

## कार्यक्रमका केहि झलकहरू



*सहायक महासचिव डा. बाबुराम अधिकारी*



*शिक्षा समितिका सदस्य एवम् प्रधानाध्यापक केदार बहादुर कोइराला*



*बर्दिवासमा सहभागीहरू*

## कार्यक्रमका उपलब्धिहरू:

- विद्यालयको हालको विद्यमान अवस्था भन्दा आगामी दिनमा निश्चित कार्ययोजाना बनाई वातवरण हरियाली, स्वच्छ, सफा र सुरक्षित बनाउने प्रतिबद्धता ।
- युनेस्कोको आदर्श र मूल्य र मान्यता बमोजिम कृयाकलापहरू स्थानीय सरकारबाट समेत अगाडि बढाईने ।
- भूमण्डलीय नागरिकको हैसियतले जलवायु परिवर्तन असर न्यूनीकरणको लागि विद्यालय, समुदाय, घरपरिवार, कार्यालयमाआफ्नो तहबाट क्रियाकलापहरू योजना बद्ध ढंगबाट अगाडि बढाइने ।
- जिल्लाका अधिकतम विद्यालयहरू एएसपि नेटमा आबद्ध हुने गरी प्रचारातात्मक कार्य गर्ने ।
- दिगो विकासको लक्ष्य नं ४ गुणस्तरीय शिक्षाको सूचकहरू सन् २०३० सम्म प्राप्त गर्न विद्यालय र स्थानीय सरकारका तर्फबाट निश्चित कार्ययोजनाका साथ कार्यक्रम तथा क्रियाकलापहरूलाई अगाडि बढाइने ।
- युनेस्को आयोग र यसका काम लगायत युनेस्को सचिवालयबाट सम्पादन हुने कार्यहरूको बारेमा जानकारी गराइएको ।

**डडेलधुरा,**

युनेस्को सहभागिता मूलक कार्यक्रम अन्तर्गत २०७६ साल आश्विन ६ र ७ गते होटल राइनो, सुदुरपरिश्चम प्रदेशको डडेल्धुरामा "Promoting Global Citizenship Education through Strengthening Schools विषयक कार्यक्रम सम्पन्न भयो।

भुमण्डलीय नागरिक शिक्षा, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, मानवअधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशिल र सक्रिययुवावर्ग तयार पार्ने युनेस्कोको अभियानमा प्रतिबद्ध युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले युनेस्को सहभागिता मूलक कार्यक्रम "Promoting Global Citizenship Education through Strengthening Schools" विषयमा कार्यशाला गोष्ठी मिति२०७६ आश्विन ६ र ७ गते सुदुरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा सञ्चालन भएको थियो।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको "Promoting Global Citizenship Education through Strengthening Schools" कार्यशाला गोष्ठीमा प्रदेश नं. ७ का शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख/पदाधिकारी, स्थानीय तहका सामाजिक समितिका संयोजक, शिक्षा हेर्ने जनप्रतिधि, विद्यालयका प्रधानाध्यापक/शिक्षक, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधिसहभागिता रहेको थियो। कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ डडेल्धुराले गरेको थियो।

कार्यक्रमको औचित्य एवं उद्देश्य माथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले प्रकास पार्नु भएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ डडेल्धुराका प्रमुख श्री रामदत्त भट्टले सहभागीहरूको स्वागत गर्नु भएको थियो। स्थानीय सरकारका जनप्रतिनिधिहरूले कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो। युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तरगत रहेको अमरगढी न. पा.का वडा अध्यक्षले उद्घाटन सत्रको अध्यक्षता गर्नु भएको थियो। प्रमुख अतिथिको रूपमा अमरगढी न. पा. का उपमेयर श्री संगिता भण्डारीले कार्यक्रममा मन्तव्य सहित शुभकामना व्यक्त गर्नुभएको थियो।

भूमण्डलीय नागरिक शिक्षालाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा हरियाली, सरसफाई, सुरक्षा एवम् शान्तिका क्षेत्रमा के कसरी लागु गर्ने सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नु भएको थियो। भूमण्डलीय नागरिक शिक्षालाई विद्यालयतहका साथै स्थानीयतहलाई कसरी जोड्न सकिन्छ भन्ने वारेमा चर्चा गरिएको थियो।

कार्यक्रममा दिगो विकासका लक्ष्यहरूको बारेमा सहभागीलाई जानकारी मूलक प्रस्तुती गर्नुका साथै जसमादिगो विकासका लक्ष्यका विश्वव्यापी १७ वटा लक्ष्यको वारेमा चर्चा गरिएको थियो। त्यसै गरी शिक्षासंग सम्वन्धित लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षाको वारेमा विस्तृत रुपमा प्रस्तुत गरिएको थियो।

विशेष गरी समूह कार्यको लागि विश्व नागरिकले दिगो विकासकालागि खेल्नु पर्ने भूमिका /असर चुनौतीहरू र समाधानका उपाय/विकल्पहरू केन्द्रित गराइएको थियो। यसैगरी जलवायु परिवर्तन, जैविक विविधता, प्रकोप न्युनीकरण र दिगो उपयोगको लागि सहभागीहरूलाई समूह विभाजन गरी कार्य गरिएको थियो।

सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले भूमण्डलीय नागरिक शिक्षाका सरोकारवाला पक्षहरूको भूमिकाका बारेमा प्रस्तुतीकरण राख्नु भएको थियो। भूमण्डलीय नागरिक शिक्षाका सरोकारवाला पक्षहरूले के कस्तो भूमिका निर्वाह गर्नु पर्ने हुन्छ त्यसको वारेमा जानकारीमुलक प्रस्तुतीकरण आकर्षक रुपमा प्रस्तुत गर्नु भएको थियो। स्थानीय सरकार, विभिन्न संघसंस्था, गैरसकारी संस्थाहरू र सरकारी संस्थाहरूबीचको साझेदारीमा कसरी भूमण्डलीय नागरिक शिक्षालाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने वारेमा बताउनुका साथै प्रष्ट्याउनु भएको थियो।

## कार्यक्रमका उपलब्धिहरू

- दिगो विकासको लक्ष्य र भूमण्डलीय नागरिक शिक्षाको बारेमा जानकारी हुनु।
- कार्ययोजना बनाइ विद्यालय, कार्यालय, समुदाय र घरपरिवारको वातावरण सफा, स्वच्छ र हरियाली बनाउने प्रतिबद्धता
- स्थानीय पर्यटकीय क्षेत्र प्रबर्द्धनको लागि स्थानीय सरकार र विद्यालयले खेल्नु पर्ने भूमिकाको बारेमा जानकारी गराउने।
- आवश्यकता पहिचान गरि सो बमोजिमका कार्यक्रम तर्जुमा गर्ने
- स्थानीय सरकारले विभिन्न खालका सचेतना मूलक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्ययोजना सहित बजेट विनियोजन गर्ने प्रतिबद्धता।

# कार्यक्रमका केहि झलकहरू





डा. बावुराम अधिकारी सहभागीहरूसँग अर्न्तक्रियात्मक कार्यक्रममा छलफल गर्नुहुँदै ।

# दिगो विकासका लागि शिक्षा सम्बन्धी कार्यशाला

**तेह्रथुम,**

**कार्यशाला गोष्ठीका उद्देश्य**

सञ्चालन विधि : प्रस्तुतिकरण, छलफल अन्तर्कृया, समूह कार्य सामुहिक रुपमा कार्ययोजना निर्माण, निष्कर्ष

- युनेस्को आयोग र सचिवालयका गतिविधिहरूको बारेमा जानकारी गराउनु ।
- युनेस्को आबद्ध विद्यालय परियोजना सञ्जालको बारेमा जानकारी गराउनु । ASP Net Scools in Nepal
- दिगो विकासका लक्ष्यहरूको बारेमा जानकारी गराई मूलत दिगो विकासको लक्ष्य नं. ४ का सम्बन्धमा छलफल र अन्तर्कृया गर्नु ।
- विश्व नागरिक शिक्षाको बारेमा जानकारी गराउनुका साथै छलफल र अन्तर्कृया गरी स्थानीय तहमा गर्न सकिने कृयाकलापको बारेमा छलफल गर्नु । (विश्व नागरिक शिक्षा, सांस्कृतिक विविधता)
- Inclusive and Equitable, Quality Education, Lifelong Opportunityका दृष्टिकोणबाट स्थानीय सरकारले शैक्षिक नीति तर्जुमा गर्दा ध्यान पुरयाउनु पर्ने पक्षहरूको बारेमा अन्तर्कृया गर्नु ।
- जलवायु परिवर्तनका असर र न्युनीकरणका लागि विश्व नागरिकको हैसियतले स्थानीय स्तरमा गर्नु पर्ने कार्यहरूको बारेमा छलफल गर्नु ।
- विद्यालय र स्थानीय सरकारले विश्व नागरिक शिक्षाका लागि अपनाउन सक्ने रणनीतिका बारेमा छलफल गर्नु ।
- दिगो विकासका लक्ष्य हासिल गर्न सरोकारवालाहरूबाट कार्ययोजना निर्माण गरी आगामी दिनमा अझ थप सकृय रुपमा कार्यान्वनयमा लाग्ने वातावरणको सृजना हुनु ।
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको "Enabling System for Implementing SDG4: Education 2030" कार्यशाला गोष्ठीमा प्रदेश १ का शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख/पदाधिकारी, स्थानीय तहका सामाजिक समितिका संयोजक, शिक्षा हेर्ने जनप्रतिधि, मदर्सा विद्यालयका प्रधानाध्यापक/शिक्षक, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधिहरूको सहभागिता रहेको थियो कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ तेह्रथुमबाट भएको थियो ।
- युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका तर्फबाट कार्यक्रमको उद्देश्य र औचित्यको बारेमा प्रकाश पारिएको थियो । कार्यक्रममा सहभागीहरूलाई स्वागत शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख लिलानाथ पोखेलबाट भएको थियो ।

युनेस्को सचिवालयबाट सहजिकरणको लागि गएको समूहबाट दिगो विकासलाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा ग्रिन, क्लिन, सेफ र पिसका क्षेत्रमा के कसरी लागु गर्न सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नु भएको थियो । वहाँले दिगो विकासका लक्ष्यहरूको वारेमा सहभागीलाई जानकारीमूलक प्रस्तुती गर्नुका साथै जसमा दिगो विकासका लक्ष्यका विश्वव्यापी १७ वटा लक्ष्यको बारेमा चर्चा गरिएको थियो । त्यसै गरी शिक्षासंग सम्वन्धित लक्ष्य नं. ४ मा रहेको गुणस्तरीय शिक्षाको वारेमा विस्तृत रुपमा प्रस्तुत गर्नु भएको थियो ।

दिगो विकासका १७ओटा लक्ष्य र १६९ ओटा सूचकहरू मध्ये विशेष गरी कार्यशाला गोष्ठीको क्रममालक्ष्य नं. ४ मा रहेको गुणस्तरीय र समतामूलक शिक्षा र यसका ४३ ओटा सूचकहरू र दिगो विकासको लक्ष्य भावी मार्गचित्र २०१६ देखि २०३० मा उल्लेख भएका शिक्षाका सूचकहरूको बारेमा स्थानीय सरकारले कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गर्दा उक्त सूचकहरूलाई विशेष ध्यानमा राखेर शैक्षिक योजनातर्जुमा गर्नु पर्ने विषय क्षेत्रको बारेमा विशेष गहन रुपमा अर्न्तक्रिया र सम्वाद गरिएको थियो ।

दिगो विकासका लागि शिक्षा सम्बन्धमा असलअभ्यास तथा अनुभवहरू आदान प्रदानको माध्यमबाट क्षमताविकास गर्ने र **Sustainable Development Goals (SDGs) and SDG-4: Education 2030** लाई विद्यालयतहका सरोकारवालाहरूलाई जानकारी गराउनका साथै पृष्ठपोषण संकलन गर्ने प्रमुख उद्देश्यका साथ यस कार्यक्रम आयोजना गरिएको थियो ।

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# वसन्तपुर कार्यक्रमका केही झलकहरू




*शिक्षा विकास निर्देशनालयका निर्देशक, जनप्रतिनिधि र इकाइ प्रमुख कार्यक्रममा*



*समूहगत रुपमा छलफल र अर्न्तक्रिया गर्दै*

**नुवाकोट,**

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सञ्चालन गरेको "Enabling System for Implementing SDG4: Education 2030" कार्यशाला गोष्ठीमा प्रदेश ३ का शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख/पदाधिकारी, स्थानीय तहका सामाजिक समितिका संयोजक, शिक्षा हेर्ने जनप्रतिधि, मदर्सा विद्यालयका प्रधानाध्यापक/शिक्षक, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधि सहभागिता रहेको थियो । सहजकर्ताको रुपमा सचिवालयका पदाधिकारीहरू रहेका थिए । कार्यक्रमको संयोजन शिक्षा विकास तथा समन्वय इकाइ नुवाकोटबाट भएको ।

शिक्षा विकास तथा समन्वय इकाइ महोत्तरीका प्रमुख श्री अर्जुनबहादुर श्रेष्ठले सहभागीहरूको स्वागत गर्नु भएको थियो । स्थानीय सरकारका जनप्रतिनिधिहरूले विशेष गरी विदुर नगरपालिकाका नगर प्रमुखबाट शिक्षा क्षेत्रमा गरिएका राम्रा अभ्यास र समस्याहरूको बारेमा जानकारी गराउनु हुँदै कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तरगत रहेको शिक्षा समितिका सदस्यश्री शंकर अधिकारीले उद्घाटन सत्रको अध्यक्षता गर्नु भएको थियो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सहायक महासचिव डा. बाबुराम अधिकारीले भूमण्डलीय नागरिक शिक्षालाई विद्यालय क्रियाकलापमा कसरी लागु गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा हरियाली, सरसफाई, सुरक्षा एवम् शान्तिका क्षेत्रमा के कसरी लागु गर्न सकिन्छ भन्ने वारेमा प्रस्तुत गर्नु भएको थियो । भूमण्डलीय नागरिक शिक्षालाई विद्यालयतहका साथै स्थानीयतहलाई कसरी जोड्न सकिन्छ भन्ने वारेमा चर्चा परिचर्चा गर्नु भएको थियो । युनेस्कोको प्राथमिकतामा रहेको भूमण्डलीय नागरिक शिक्षालाई विद्यालयको अग्रसरतामा क्रियाकलापहरू कसरी लागु गर्न सकिन्छ । भूमण्डलीय नागरिक शिक्षालाई कक्षा कोठाबाट नै लागु गर्नु पर्ने र कसरी लागु गर्न सकिन्छ ।

यसमा कसको के भूमिका रहन्छ भन्ने वारेमा विस्तृत जानकारी गराउनु भयो । भूमण्डलीय नागरिक शिक्षालाई विद्यालयतहका साथै स्थानीयतहलाई कसरी जोड्न सकिन्छ भन्ने वारेमा चर्चा परिचर्चा गरिएको थियो । कार्यक्रममा दिगो विकासका लक्ष्य नं. ४ का शैक्षिक सूचक र पालिकागत रुपमा हासिल गर्नु पर्ने उपलब्धिको बारेमा छलफल गरिएको थियो । समूहगत रुपमा गुणस्तरीय शिक्षा अधिवृद्धिका लागि असल अभ्यासहरूको बारेमा छलफल गरिएको थियो ।

## कार्यक्रमका केही झलकहरू

**असल अभ्यास र अनुभव आदानप्रदानको क्रममा निम्नानुसारका प्राप्तीहरू थिए ।**

- नगरपालिकाले स्वयंसेवक शिक्षक व्यवस्थापन गरेको ।
- बाल विकासका सहजकर्ताहरूलाई पालिकागत रुपमा पालिकाले थप रकम व्यवस्था गरेको ।
- शिक्षक दरबन्दी मिलान, विद्यालय मर्ज जस्ता कार्यका लागि लागि परेको ।
- विद्यालयको भौतिक पक्ष र शैक्षिकपक्षलाई विश्लेषण गरिएको
- कार्ययोजना निर्माण गरिएको,
- विद्यालय सुधार योजना बमोजिम विद्यालयहरूको शैक्षिक गतिविधि अगाडि बढाइएको ।



*सचिवालय सचिव श्री खगराज पौड्याल, सहभागीहरूसँग छलफल गर्नु हुदै*



*छलफलको क्रममा नुवाकोटमा सहभागीहरू*

**गोरखा,**

युनेस्को सहभागिता मूलक कार्यक्रम अन्तर्गत कार्तिक ६ र ७ गते होटल गोरखा प्यालेस, गोरखाबजारमा "Enabling System for Implementing SDG4 : Education 2030 in Federal Nepal" विषयक कार्यक्रम सम्पन्न भएको थियो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले मिति २०७६ कार्तिक ६ र ७ गते गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारमा युनेस्को सहभागितामूलक कार्यक्रम अन्तरगत "Enabling System for Implementing SDG4 : Education 2030 in Federal Nepal" विषयक कार्यशाला गोष्ठीमा गण्डकी प्रदेशका ११ वटा जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख/पदाधिकारी, गोरखा जिल्लाका स्थानीय तहका सामाजिक समितिका संयोजक, शिक्षा हेर्ने जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक/शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, शिक्षक महासङ्घका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, क्याम्पस प्रमुख एवम् गोरखा जिल्लाका शिक्षाका सरोकारावालाको सहभागिता रहेको थियो। कार्यक्रमको संयोजन शिक्षाविकास तथा समन्वय इकाइ गोरखाबाट भएको थियो।।

कार्यक्रमको औचित्य एवं उद्देश्य माथि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयबाट भएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ गोरखाका प्रमुख श्री खेमराज पौडेलले सहभागीहरूको स्वागत गर्नु भएको थियो। त्यसैगरी जिल्ला आयोजना कार्यान्वय इकाइका प्रमुख श्री विष्णु प्रसाद मिश्रले मन्तव्य राख्नु भएको थियो। कार्यशालाको उद्घाटन सत्रमा गोरखा नगरपालिकामा मेयर श्री राजन राजपन्तले कार्यशालाको सफलताको लागि शुभकामना दिनु भएको थियो।

कार्यक्रममा SDGs and SDG-4 : Education 2030 को वारेमा जानकारीमूलक प्रस्तुतीकरण गरिएको थियो। यस कार्यशाला गोष्ठीको उद्देश्य माथि नुवाकोटमा सम्पन्न कार्यक्रम मुताविक नै भएको थियो।

## कार्यक्रमका केहि झलकहरू





*गोरखामा सहभागीहरूसँग उपसचिव खेमराज पौडेल र विष्णु प्रसाद मिश्र*




*गोरखा नगरपालिका प्रमुखबाट सहभागीहरूलाई सम्वोधन हुदै*

# युनेस्कोको ४० औं महासभा

**२०७६ कार्तिक २६ देखि मंसिर १० सम्म (November 12 to 26, 2019 )**

युनेस्कोको ४०औं महासभा फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो। नेपालबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. गिरिराजमणि पोखरेलको नेतृत्वमा शिक्षा सचिव श्री महेशप्रसाद दहाल, सहायक महासचिव डा. बाबुराम अधिकारी, सचिवालय सचिव श्री खगराज पौड्याल, मा. मन्त्रीज्यूको स्वकीय सचिवश्री विनोद प्रसाद न्यौपानेले महासभामा नेपालको तर्फबाट भागलिनु भएको थियो। नेपाली राजदुताबासको तर्फबाट महामहिम राजदुतको सहभागिता रहेको थियो।










*सहभागीहरू*




*महासभामा सहभागीहरू*

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# Mitsubishi Asian Children's Enikki Festa 2019-2020

Mitsubishi Asian Children's Enikki Festa 2019-2020 एसियाका बालबालिकाहरूलाई उनीहरूको चित्र डायरी मार्फत एक आपसमा परिचित गराउने तथा आफ्नो कला र संस्कृतिलाई एसियाका अन्य भागमा प्रचार प्रसार गर्न गराउनका लागि Mitsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations/National Federation of UNESCO Associations in Japan को आर्थिक सहयोगमा युनेस्काका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले सार्वजनिक सूचना आह्वान गरी बाल चित्रकला प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गरियो ।

यस कार्यक्रममा ६ देखि १२ बर्ष उमेरका बालबालिकाहरूलाई **"यहि हो मेरो जीवन"** विषयसँग सम्वन्धित प्रति विद्यार्थी ५ वटा फरक फरक चित्रहरूको डायरी बनाउनका लागि मिति २०७६।४।१६ को गोरखापत्रमा सूचना प्रकाशित गरिएको थियो । यस्तै आ-आफ्नो जिल्लाबाट विद्यार्थीलाई चित्र डायरी बनाउन अभिप्रेरित गर्न ७७ओटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई सँग समन्वय गरि कार्यक्रममा सहभागी हुन आह्वान गरिएको थियो । करिव २००० बालबालिकालाई यस कार्यक्रममा संलग्न गराउने उद्देश्यले प्रति बालबालिका Drawing Sheet -5, Colour-1, Pencil -1, Eraser -1 / Pencil Sharpener -1 उपलव्ध गराउने गरी ७७ ओटै शिक्षा विकास तथा समन्वय इकाइहरूमा सामग्री पठाइएको थियो ।

यसरी पठाइएका चित्रकलाहरू संकलन भएपछि बरिष्ठ कलाकारहरूको मूल्याङ्कन समितिको गठन गरी उहाँहरूकै मूल्यांकनबाट ८ बालबालिकाका उत्कृष्ठ बालचित्र डायरी छनौट गरी जापानमा हुने अन्तर्राष्ट्रिय प्रदर्शनीमा सहभागी गराउन चित्र डायरीहरू पठाइने छ । बालचित्र डायरी देहाय बमोजिमका जिल्ला र प्रदेशहरूबाट ४६८ जना बालबालिकाहरूको बालचित्र डायरी युनेस्को सचिवालयमा प्राप्त भएको । जम्मा २३३ छात्र र २३५ छात्राहरूले भाग लिएका थिए ।

बालचित्र डायरी छनौटका लागि छनौट सिफारिस समिति गठन भएको र सो समितिबाट निम्न बमोजिमका जिल्लाहरूबाट तपसिल बमोजिमका ८ ओटा उत्कृष्ठ बालचित्र डायरी छनौट गरिएको

१. ब्रिसिका तामाङ, वर्ष १२, कक्षा ६, श्री महमाई आधारभूत विद्यालय, इलाम नगरपालिका ९, इलाम
२. प्रेममाला यादव, वर्ष १२, कक्षा ६, श्री सिद्धार्थ मा. वि., चिनीमिल, वीरगञ्ज १४, पर्सा
३. अविनाश रेग्मी, वर्ष ११, कक्षा ४, गुडस्टार्ट बोर्डिङ स्कुल, धुनिबेसी न. पा. ६, धार्के बजार, धादिङ
४. भावना भुजेल, वर्ष ११, कक्षा ४, तरुण मा. वि., बालाजु, काठमाडौं
५. अनुष्का कुमारी, वर्ष १२, कक्षा ४, निलबाराही मा. वि., काठमाडौं
६. पूर्णिमा बुढाथोकी, वर्ष १२, कक्षा ७, जयबागेश्वरी मा. वि., नेपालगञ्ज, बाँके
७. सन्ध्या शाही, वर्ष ११, कक्षा ७, श्री जनसेवा मा. वि., धुम्रा, सुर्खेत
८. मनीषा गुरु धामी, वर्ष ११, कक्षा ७, श्री बैजनाथ मा. वि., नयाँतिलकपुर, कञ्चनपुर

**उत्कृष्ठ उल्लेखित ८ जना बालबालिकाहरूका बालचित्र डायरीहरू जापानमा पठाइने छ र उल्लेखित बालबालिकाहरूलाई जापानबाट देहाय बमोजिम पुरस्कृत गरिने कार्यक्रम रहको छ ।**

**पुरस्कार :**

- Grand Prix Award (एकजना) (प्रत्येक ग्रान्ड प्रिक्स अवार्ड विजेतालाई जापानको अध्ययन भ्रमणको निम्तो प्राप्त हुनेछ ।) एक जना अभिभावक सहित १५ दिन सम्मको जापानको अध्ययन भ्रमण प्राप्तहुने ।
- Asian Pacific Federation of UNESCO Clubs and Associations Award (एकजना)
- Mitsubishi Public Affairs Award (एकजना)
- National Federation of UNESCO Associations in Japan Award (एकजना)
- Excellence Award (चारजना)
- छनौट भएका आठ ओटा बालचित्र डायरी माघ १७ सम्म NFUAJ जापानमा पठाइने ।
- २०२० को अप्रिल महिनामा International Screening हुने ।
- २०२० का मे महिनामा Annuounce the Screening Result हुने ।

# बालचित्र डायरी कार्यक्रमसँग सम्बन्धित केही झलकहरू



*शिक्षा सचिवज्यूको संयोजकत्वमा कला विशेषज्ञहरूसँग बैठक बस्दै*



*आर्थिक सहयोग गर्ने सहयोगी संस्थाका तर्फबाट जापान युनेस्को क्लबका पदाधिकारीसँग बैठक बस्दै*

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# दिगो विकासका लक्ष्य ४ का ४३ सूचकहरू :-

लक्ष्य ४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने,

लक्ष्य ४.१ सान्दर्भिक र प्रभावकारी सिकाइ उपलब्धि हासिल हुनेगरी सन् २०३० सम्ममा सबै बालबालिकाले निशुल्क, समता मूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गर्ने छन् भन्ने सुनिश्चित गर्ने,

१. लिङ्गका आधारमा (क) कक्षा २/३ मा, (ख) प्राथमकितहको अन्त्यमा, र (ग) निम्नमाध्यमिक तहको अन्त्यमा (ख) पढाइ, र (आ) गणितमा कम्तिमा न्यूनतम दक्षताको तह हासिल गरेका बालबालिकाको प्रतिशत (**विश्वव्यापी सूचक** ४.१.१)

२. (अ) प्राथमिक शिक्षाको अवधिमा, (अ) प्राथमिक शिक्षाको अन्त्यमा, र (इ) निम्न माध्यमिक शिक्षाको अन्त्यमा राष्ट्रिय स्तरको सिकाइ मूल्याङ्कन गर्ने,

३. अन्तिम कक्षाको अनुपातमा मुलुक प्रवेश दर (प्राथमिक, माध्यमिक)

४. शिक्षा पुरा गर्ने दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

५. विद्यालय बाहिर रहेका बालबालिकाको दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

६. कक्षागत रूपमा बढी उमेरका बालबालिकाको प्रतिशत (प्राथमिक, निम्नमाध्यमिक)

७. कानुनले तोकेको (अ) निःशुल्क, र (आ) अनिवार्य प्राथमिक र माध्यमिक शिक्षाको वर्ष अवधि **लक्ष्य** ४.२ प्राथमिक शिक्षाको लागि तयार हुने गरी सन् २०३० सम्ममा हरेक बालबालिका गुणस्तरीय प्रारम्भिक बालबिकास तथा पूर्व प्राथमिक शिक्षाको पहुँचमा पुगेको सुनिश्चित गर्ने,

८. लिङ्गको आधारमा स्वास्थ्य, सिकाइ र मनोसामाजिक अवस्थाको उचित विकास भएमा ५ बर्ष मुनिका बालबालिकाको अनुपात (**विश्वव्यापी सूचक** ४.२.१)

९. घरमा सकारात्मक र प्रेरणादयी सिकाइ वातावरण पाएका ५ बर्ष मुनिका बालबालिकाको प्रतिशत

१०. लिङ्गका आधारमा अर्गानाइन्ड लर्निङमा सहभागिता दर (औपचारिक रूपमा प्राथमिक तहमा प्रवेश गर्नुभन्दा १ बर्ष अगाडि (**विश्वव्यापी सूचक**४.२.२)

११. पूर्व प्राथमिक तहको कुलभर्ना दर

१२. कानुनले निर्दिष्ट गरेको (अ) निःशुल्क, र (आ) अनिवार्य पूर्व प्राथमिकशिक्षाको वर्ष अवधि **लक्ष्य** ४.३ सन् २०३० सम्ममा सूलभ र गुणस्तरीय प्राविधिक व्यावसायिक तथा उच्चशिक्षा (विश्वविद्यालय लगायत) मा हरेक महिला तथा पुरूषको समान पहुँच सुनिश्चित गर्ने,

१३. उच्च शिक्षाको कूलभर्ना दर

१४ प्राविधिक/व्यावसायिक शैक्षिक कार्यक्रममा सहभागिता दर (१५-२४ वर्ष उमेर समूह)

१५. लिङ्गका आधारमा अगाडिका १२ महिनामा औपचारिक तथा अनौपचारिक शिक्षा र तालिममा युवा र प्रौढको सहभागिता दर (**विश्वव्यापी सूचक** ४.३.१)

**लक्ष्य** ४.४ सन् २०३० सम्म रोजगारी, सभ्य काम र उद्यमशीलताका लागि आवश्यक प्राविधिक तथा व्यवसयिमक सिपलगायतका सान्दर्भिक सिपयुक्त युवा र प्रौढको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने,

१६.१. डिजिटल साक्षरता सिपमा कम्तिमा न्यूनतम दक्षता हासिल गरेका युवा र प्रौढको प्रतिशत,

१६.२. सिपका प्रकारका आधारमा सूचना र सञ्चार प्रविधि (आइसिटी) सिपहासिल गरेका युवा र प्रौढको प्रतिशत (**विश्वव्यापी सूचक** ४.४.१)

१७. उमेर समूह, आर्थिक क्रियाकलापकको स्तर, शैक्षिक तह र कार्यक्रमको ओरियन्टेशनका आधारमा युवा/प्रौढको शैक्षिक उपलब्धि दर र सङ्कटापन्न अवस्थाका बालबालिका लगायत सङ्कटापन्न सबैको पहुँच सुनिश्चित गर्ने,

सबै शैक्षिक सूचकका लागि तथ्याङ्क उपलब्ध भएसम्म यो सूचीमा भएका समता सूचकहरू (महिला/पुरूष, गाउँ/सहर, सम्पत्तिका आधारमा तलदेखि माथिसम्म गरी ५ तह र अन्य जस्तै अपाङ्ग, आदिवासी र द्वन्द्वप्रभावित) लाई छुट्टा छुट्टै राख्न सकिन्छ (**विश्वव्यापी सूचक** ४.५.१)

१८. प्राथमिक तहमा शिक्षणको भाषा आफ्नो पहिलो भाषा वा मातृ भाषा भएका विद्यार्थीको प्रतिशत

१९. नीतिगत रूपमा नै शैक्षिक स्रोत साधनलाई पिछडिएकाहरूका लागि पुर्नवितरण गर्ने मात्रा

२०. शैक्षिकतहमा र आर्थिक स्रोतका आधारमा शिक्षामा हुने प्रतिविद्यार्थी खर्च

२१ न्यून आय भएका मुलुकको शिक्षाका लागि प्रदान गरिने कुल सहायताको प्रतिशत

**लक्ष्य** ४.६ सन् २०३० सम्ममा युवायुवती सबै र प्रौढ महिला तथा पुरूष दुबैको एउटा ठूलो हिस्साले साक्षरता र गणितीय सिप हासिल गर्ने सुनिश्चित गर्ने,

२२. लिङ्गका आधारमा कार्यमूलक (अ) साक्षरता, र (आ) गणितीय सिपको दक्षताको कम्तिमा एउटा निश्चित तह हासिल गरेका निश्चित उमेर समूहका जनसङ्ख्याको प्रतिशत (**विश्वव्यापी सूचक** ४.६.१)

२३. युवा/प्रौढ साक्षरता दर

२४. साक्षरता कार्यक्रमम युवा प्रौढको सहभागिता दर **लक्ष्य** ४.७ सन् २०३० सम्ममा दिगो विकासका लागि शिक्षा र दिगो जीवन शैली मार्फत सबै विद्यार्थीले अन्य कुराहरूका अतिरिक्त मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृति प्रवर्धनका लागि आवश्यक पर्ने ज्ञान र सिपहरू हासिल गर्ने छन् भन्ने सुनिश्चित गर्ने

२५. (अ) विश्वव्यापी नागरिक शिक्षा, र (आ) लैङ्गिक समानता तथा मानव अधिकार समावेश भएको दिगो विकास शिक्षालाई

हरेक तहका (क) राष्ट्रिय शिक्षा नीति, (ख) शिक्षक शिक्षा, (ग) पाठ्यक्रम, र (घ) विद्यार्थी मूल्याङ्कनमा गरिएको मूल प्रवाही करणको मात्रा (**विश्वव्यापी सूचक** ४.७.१)

२६. विश्वव्यापी नागरिक र दिगोपन सम्बन्धी मुद्दालाई उमेर (वा शैक्षिकतह) अनुसार बुझ्न सक्ने विद्यार्थीको प्रतिशत

२७. वातावरण विज्ञान र भूगर्भ विज्ञानको ज्ञानको दक्षता प्रदर्शन गर्न सक्ने १५ वर्ष उमेरका विद्यार्थीको प्रतिशत

२८. जीवनोपयोगी सिपमा आधारित एचआईभी तथा यौन शिक्षा प्रदान गर्ने विद्यालयको प्रतिशत

२९. मानव अधिकार शिक्षा सम्बन्धी विश्व कार्यक्रमको कार्य ढाँचालाई राष्ट्रिय स्तरमा गरिएको कार्यान्वयनको मात्रा (UNGA) रिजोल्युसन नं. ५९/११३ बमोजिम) लक्ष्य ४ क. बाल मैत्री आपाङ्ग मैत्री र लैङ्गिक मैत्री शैक्षिक सुविधाहरूको निर्माण तथा स्तरोन्नति गर्ने सबैलाई सुरक्षित, अहिसात्मक, समावेशी तथा प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने ३०-३२ (क) विद्युत (ख) शैक्षणिक उद्देश्यका लागि इन्टरनेट, (ग) शैक्षणिक उद्देश्यका लागि कम्प्युटर, (घ) अपाङ्गता भएका विद्यार्थीका लागि अनुकुलित पूर्वाधार र सामाग्रीहरू (ङ) आधारभूत खानेपानी, (च) छुट्टा छुट्टै लिङ्गका लागि छुट्टा छुट्टै आधारभूत सर सफाइ सुविधा, र (छ) हातधुने आधारभूत सुविधा (पानी, सर सफाई र स्वास्थ्य (Wash) सूचकले परिभाषित गरेबमोजिम) भएका विद्यालयको प्रतिशत (**विश्वव्यापी सूचक** ४.क.१)

३३. हेपाई (वुलिङ), शारीरिक सजाय, शोषण, हिंसा, लैङ्गिक विभेद तथा दुर्व्यवहार खेपि रहेका विद्यार्थी प्रतिशत

३४. विद्यार्थी, कर्मचारी र शैक्षिक संस्था माथि हुने आक्रमणको संख्या **लक्ष्य ४ ख** सन् २०२० सम्ममा विकाशील देशहरू खास गरी अतिकम विकसित देश, विकासशील साना टापु राष्ट्र र अफ्रिकी देशहरूका लागि विकसित देश र अन्य विकाशील देशहरूमा व्यवासायिक तालिम र सूचना प्रविधि, प्राविधिक इन्जिनियरिङ र विज्ञानसँग सम्बन्धित कार्यक्रमहरू लगायतका उच्च शिक्षामा भर्नाका लागि विश्वव्यापी रूपमा छात्रवृत्तिको सङ्ख्या

३५. लाभाविन्त देश अनुसार उच्च शिक्षामा प्रदान गरिने छात्रवृत्तिको उलेख्य विस्तार गर्ने

३६. क्षेत्र र अध्ययनको प्रकार अनुसार छात्रवृत्तिका लागि प्रवाह गरिने औपचारिक विकास सहयोगको मात्रा (**विश्वव्यापी सूचक** ४. **ख.** १.) **लक्ष्य ४ ग** सन् २०३० सम्मा विकासशील राष्ट्रहरू खास गरी अधिकतम विकासित र विकासशील साना टापु राष्ट्रमा अन्तर्राष्ट्रिय सहयोग मार्फत् शिक्षकलाई तालिम उपलब्ध गराई उल्लेख्य मात्रामा योग्य शिक्षकहरू पूर्ति गर्ने

३७. शैक्षिक तहमा तथा संस्थाहरूको प्रकारका आधारमा राष्ट्रिय मापदण्ड बमोजिमका योग्य शिक्षकको प्रतिशत

३८. शैक्षिक तह अनुसार विद्यार्थी योग्य शिक्षको अनुपात

३९. सम्बन्धित देशका सम्बन्धित तहका लागि चाहिने कम्तीमा न्यूनतम संस्थागत पूर्व सेवा कालिन तालिम (जस्तै शिक्षक सम्बन्धी तालिम) लिएका (क) पूर्व प्राथमिक (क) प्राथमिक (ग) निम्नमाध्यमिक र (घ) उच्च माध्यमिक तहका शिक्षकको अनुपात (**विश्वव्यापी सूचक** ४. ग. १.)

४०. शैक्षिक तह अनुसार विद्यार्थी/तालिम प्राप्त शिक्षक अनुपात

४१. समान शैक्षिक योग्यता चाहिने अन्य पैसाका तुलनामा शिक्षकको औसत तलव

४२. शैक्षिक तह अनुसार शिक्षक अवकास दर

४३. तालिमको प्रकार अनुसार गएको १२ महिनामा सेवाकालिन तालिम लिएका शिक्षक प्रतिशत।

**शिक्षामा ११ ओटा विश्वव्यापी सूचकहरू रहेका छन्।**

## विषय समितिका बैठकहरू:-



*श्री हरिगोविन्द लुइटेलको संयोजकत्वमा आमसञ्चार समितिको बैठक बस्दै*



*प्रा.डा. रमेश कुमार मास्केको संयोजकत्वमा विज्ञान समितिको बैठक बस्दै*



*श्री रमेश रञ्जन झाको संयोजकत्वमा संस्कृत समितिको बैठक बस्दै*

**प्रमुख सल्लाहकार**
श्री महेश प्रसाद दहाल

**विशेष सल्लाहकार**
डा. बाबुराम अधिकारी

**सल्लाहकार**
श्री खगराज पौड्याल

**सम्पादक**
श्री कुमार बस्नेत
श्री उषा लामिछाने
श्री शंकर अधिकारी
श्री नगेन्द्र प्रसाद दाहाल
श्री उषा पोखरेल
श्री पदम राज जोशी

**व्यवस्थापक**
श्री विष्णु प्रसाद लामिछाने
श्री शिव प्रसाद सुयल
श्री शिव राम बस्नेत

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी
श्री शेर बहादुर तामाङ

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेबसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com